# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/२५ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

-------------------------------------------------------------------

जिल्ला समन्वय समितिको कार्यालय काठमाण्डौ अन्तर्गत जिल्ला प्राविधिक कार्यालय बबरमहलमा कार्यरत सब-ईन्जिनियर (करार) रमेश सिंहले शान्ति मन्त्रालयबाट सामुदायिक भवन निर्माणको लागि शान्ति मन्त्रालयबाट निकासा भएको रकममा रि-स्टिमेट गर्ने प्रयोजनमा विभिन्न बहानामा सेवाग्राही सँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज सब-ईन्जिनियर रमेश सिंहलाई बबरमहल स्थित श्री कुमारी माँ खाजा घरबाट रु.११,०००/- (एघार हजार) घुस रकम लिंदै गर्दाको अवस्थामा घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता